# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.): ०८३/८४
चलानी नं. (Reg. No.):

### उन्नत बीउ वितरणका लागि माग आवेदन पेश गर्ने सम्बन्धी सूचना ।।।।

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०६/१९*
ने.सं. ११४६ ञलागा दशमी, सोमबार

महालक्ष्मी नगरपालिका कृषि विकास शाखाको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार खाद्यान्न तथा नगदे (धान, गहुँ र आलु) बालीको उन्नत बीउ वितरण कार्यक्रम सञ्चालन गरिने भएको छ। यस नगरपालिका क्षेत्रभित्र सिजन अनुसार खेती गर्ने कृषकहरुलाई हिउँदे बालीका रूपमा गहुँ मंसिर महिनाको पहिलो साताभित्र र आलु सोहि महिनाको अन्तिम साताभित्र बीउ वितरण गरिसक्नुपर्ने भएकाले तपसिल बमोजिमका हिउँदे बाली तथा तिनका जातका उन्नत बीउ लिन इच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातसहित यस नगरपालिकाको कृषि विकास शाखा, कमलपोखरी वा कृषि सेवा केन्द्र, लामाटार वा सम्बन्धित वडा कार्यालयहरुमा माग आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.स | हिउँदे बाली | बालीको जात | सिफारिस क्षेत्र |
|---|---|---|---|
| १. | खाद्यान्न (गहुँ) | डब्लु.के. १२०४ | मध्य पहाड |
| २. | नगदे (आलु) | जनकदेव | मध्य पहाड र उपत्यका |

आवश्यक कागजातहरु:

१. नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
२. खाद्यान्न (गहुँ) र नगदे (आलु) बालीका लागि माग परिमाण खुलाइएको छुट्टाछुटै निवेदन ।
३. व्यवसायीको हकमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. समूह/सहकारी/संस्थाको हकमा दर्ता/नवीकरण प्रमाणपत्र तथा निर्णयको प्रतिलिपि।
५. खेती गरिने जग्गाको लालपुर्जा वा भाडामा लिएको जग्गाको हकमा सो पुष्टि हुने प्रमाणित कागजातको प्रतिलिपि।

नोट:

- ✓ *यस सूचनाको म्याद समाप्त हुने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको पहिलो कार्यालय खुल्ने दिनलाई अन्तिम मिति मानिन्छ।*
- ✓ *उक्त बीउ वितरण कार्यक्रम ५० प्रतिशत साझेदारीमा सञ्चालन गरिनेछ।*

........................
अमित ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

अमित ढुंगाना
प्रमुख प्रशाशकीय अधिकृत